आज मिति २०८१/०९/२६ गतेका दिन यस राप्ती सोनारी गाउँपालिकाका अध्यक्ष **श्री तप्त बहादुर पौडेल** ज्यू को अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा गाउँ कार्यपालिकाको **५० औं** बैठक बसी तपसिल बमोजिमका प्रस्तावमा छलफल गरि निर्णय गरियो ।

**उपस्थिति**

| क्रं स | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री तप्त बहादुर पौडेल | अध्यक्ष | |
| २ | श्री मनिषा सिंह थारु | उपाध्यक्ष | |
| ३ | श्री यम बहादुर खड्का | वडा नं १ अध्यक्ष | |
| ४ | श्री दिर्घ बहादुर बुढाथोकी | का.बा. अध्यक्ष वडा नं. २ | |
| ५ | श्री मीन कुमार थारु | वडा नं ३ अध्यक्ष | |
| ६ | श्री मीन राज खड्का | वडा नं ४ अध्यक्ष | |
| ७ | श्री झगरु थारु | वडा नं ५ अध्यक्ष | |
| ८ | श्री लवराज खरेल | वडा नं ६ अध्यक्ष | |
| ९ | श्री रामलखन थारु | वडा नं ७ अध्यक्ष | |
| १० | श्री शालिकराम डाँगी | वडा नं ८ अध्यक्ष | |
| ११ | श्री शोहनलाल थारु | वडा नं ९ अध्यक्ष | |
| १२ | श्री राधिका सुनार | महिला सदस्य | |
| १३ | श्री यम कुमारी वली | महिला सदस्य | |
| १४ | श्री गौत्रा कुमारी डाँगी | महिला सदस्य | |
| १५ | श्री सुमित्रा थारु | महिला सदस्य | |
| १६ | श्री थान बहादुर वि.क. | दलित सदस्य | |
| १७ | श्री केशवराज दमाइ | अल्पसंख्यक सदस्य | |
| १८ | श्री दान बहादुर ऐडी | प्रमुख प्रशासकीय अधिकृत | |
| आमन्त्रित तथा सहयोगी कर्मचारीहरु | | | |
| १९ | श्री गोरेष कु. लामीछाने | लेखा अधिकृत | |
| २० | श्री राज तिलक थापा | कम्प्युटर अपरेटर | |

*२०८१ साल पौष महिनाको २६ गते बसेको कार्यपालिकाको ५० औं बैठकका निर्णयहरु*

निर्णय नं १. (क) यस गाउँपालिकाको विद्यायन समितिले पेश गरेका देहाय बमोजिमका नीति ऐन कार्यविधि मापदण्डहरु संशोधन सहित स्वीकृत गरियो र उक्त नीति, ऐन ,कार्यविधि १६ औं गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

१. रासिसोनारी गाउपालिकाको गाँउ प्रहरी व्यवस्थापन तथा संचालन कार्यविधि २०८१
२. रासिसोनारी गाउपालिकाको सार्वजनिक निजि साझेदारी नीति २०८१
३. रासी सोनारी गाउँपालिकाको नदिजन्य पदार्थ ब्यबस्थापन सम्बन्धि कार्यविधि २०८० (पहिलो संसोधन, २०८१)
४. रासी सोनारी गाउँपालिकाको स्थानीय वन ऐन २०७८ ( पहिलो संसोधन ,२०८१) संशोधन

(ख) यस गाउपालिकाको देहाय बमोजिका ऐन तथा कार्यविधिहरु कार्यापालिका बैठकबाट स्वीकृत गरियो र नियमानुसार प्रक्रिया पुरा गरि राजपत्रमा प्रकाशन गर्ने निर्णय गरियो ।

१. रासी सोनारी गाउँपालिकाको शिक्षक तथा कर्मचारी छनौट कार्यविधि ,२०८१
२. रासी सोनारी गाउँपालिकाको भू-उपयोग मापदण्ड ,२०८१
३. रासि सोनारी गाउपालिकाको आधारभूत अस्पताल स्थापना तथा संचालन सम्बन्धि कार्यविधि ,२०८१
४. रासी सोनारी आधारभूत अस्पताल व्यवस्थापन समिति गठन तथा संचालन कार्यविधि ,२०८१
५. रासी सोनारी गाउँपालिकाको बाल विवाह मुक्त अभियान संचालन कार्यविधि, २०८१
६. रासी सोनारी गाउँपालिकाको बाल श्रम मुक्त घोषणा कार्यविधि ,२०८१
७. रासी सोनारी गाउँपालिकाको बालमैत्रि स्थानीय शासन घोषणा कार्यविधि ,२०८१
८. रासी सोनारी गाउँपालिकाको बाल अधिकार कार्यान्वयन गर्न बनेको कार्यविधि, २०८१
९. रासी सोनारी गाउँपालिकाको गाउँ शिक्षा योजना ,२०८१
१०. गाउपालिकाको चिस्यान केन्द्र ( कोल्डस्टोर ) संचालन तथा ब्यबस्थापन कार्यविधि, २०८१

निर्णय नं. २. निर्णय नं १ मा उल्लेख गरिएको ऐन, नीति, मापदण्ड तथा निर्देशिकाहरु गाउँसभा द्धारा स्वीकृत पश्चात राजपत्रमा प्रकाशित गर्ने निर्णय गरियो ।

निर्णय नं ३, चालु आ व २०८१।८२ को लागि गाउँसभा बाट स्वीकृत भई हालका दिनसम्म कार्य सम्पादन नभएका आयोजना र कार्यक्रमहरुको गाउँकार्यपालिका सवै शाखा र वडा कार्यालयहरुबाट पेश भएका तथा विषयगत समितिवाट समेत योजना तथा कार्यक्रमहरु संशोधन गर्न सिफारिस भई आएका योजना तथा कार्यक्रमहरुलाइ संशोधन गर्नको लागि स्वीकृत गरी गाउँ सभाको १६औं अधिवेशनमा पेश गर्न निर्णय गरियो

रासी सोनारी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
अगैया,बाँके
लुम्बिनी प्रदेश,नेपाल

[illegible] बहादुर ऐडी
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं ४, योजना तथा अनुगमन समिति, सामाजिक विकास समिति, सुशासन तथा संस्थागत समिति, आर्थिक विकास समिति, लेखा समिति, विधायन समिति, विपद व्यवस्थापन तथा वातावरण समिति, न्यायिक समिति बाट प्रस्तुत भएका समितिका अर्धबार्षिक प्रतिवेदहरु माथि व्यापक छलफल भयो। उक्त प्रतिवेदन स्वीकृत गरि सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ५, स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार गत आ.ब. २०८०।८१ को स्थानीय तह संस्थागत स्वमुल्याङ्कन (LISA) का देहायका विषयगत क्षेत्रहरुमा देहाय बमोजिमको अङ्क प्राप्त भएको सन्दर्भमा व्यापक छलफल भयो र सोको जानकारी सम्बन्धित निकायमा पठाउने निर्णय गरियो ।

| क्र सं | विषय क्षेत्रहरु | प्राप्त अङ्क |
|---|---|---|
| १ | शासकीय प्रवन्ध | १००% |
| २ | संगठन तथा प्रशासन | १००% |
| ३ | वार्षिक बजेट तथा योजना व्यवस्थापन | ९०.९१% |
| ४ | वित्तीय एवम् आर्थिक व्यवस्थापन | ८४.०९% |
| ५ | सेवा प्रवाह | ९०.६३% |
| ६ | न्यायिक कार्य सम्पादन | १००% |
| ७ | भौतिक पूर्वाधार | ८०.७७% |
| ८ | सामाजिक समावेशीकरण | १००% |
| ९ | वातावरण संरक्षण तथा विपद व्यवस्थापन | ७७.७८% |
| १० | सहकार्य र समन्वय | ९१.६७% |

निर्णय नं. ६ , एक्सिलेण्ट पेपर मिल प्रा.लि. ले पेश गरेको पत्र तथा शर्तनामा अनुसार गाउँपालिकाबाट रोजगार अभियान र रोजगारी सिर्जना गर्ने रोजगारदाता पब्लिक उद्योग संचालनका लागि उक्त प्रा.लि. लाइ रोजगार शाखासँग समन्वय गर्ने गरी सहयोग गर्ने निर्णय गरियो ।

निर्णय नं. ७ , थारु जातिले मनाउने माघी पर्वको अवसरमा मिति २०८१ साल माघ महिनाको ३ गते विहिवार पालिका र अन्तरगतका सम्पूर्ण शैक्षिक संस्था ,स्वास्थ्य संस्था वडा तथा सरकारी कार्यालयहरुमा १ दिन स्थानीय विदा दिने निर्णय गरियो ।

निर्णय नं. ८ यस पालिका अन्तरगत पंजिकरण ईकाइ र खानेपानी तथा सरसफाइ शाखा/शाखा प्रमुखलाई सामाजिक विकास समितिको सदस्यमा समावेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ९ यस यस गाउपालिकाको आगामी आ.ब. २०८१।८२ देखि २०८३।८४ सम्मको लागि बजेट प्रक्षेपण गरि तयार गरिएको आय व्ययको विवरण प्राकृतिक स्रोत तथा वित्त आयोग ,नेपाल सरकार अर्थ

राप्ती सोनारी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
अगैया,बाँके
लुम्बिनी प्रदेश,नेपाल

प्रमुख प्रशासकीय अधिकृत

मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, लुम्बिनी प्रदेश आर्थिक योजना मन्त्रालयमा पठाइएको बिषयको बारेमा बैठकमा जानकारी भयो ।

निर्णय नं. १० बिगत बर्षहरुदेखि सम्झौता भइ काम सम्पन्न नभएका यस गाउँपालिकाको वडा नं ५ को बनौरे खोला पुलको डी.पि.आर गरेको बनडीक्री इन्जिनियरिङ्ग काठमाडौं (रु ८३३९४०) र वडा नं ३ को रिङ्ग रोडको डी.पि.आर इलाइट आउटसोर्स प्रा.लि. चुचेपाटी काठमाडौं (रु ४९६१८३) को भुक्तानि दिन बाँकी रकम स्वीकृत भएको र उक्त पुल र सडकको डि.पि.आर समेत प्राप्त भएकोले प्राविधिकाको चेक जाँच सिफारिसका आधारमा नियमानुसार भुक्तानि दिने निर्णय गरियो ।

निर्णय नं. ११. गाउँ शिक्षा समितमा रहने मनोनित सदस्यहरुको पदावधि पुरा भएकोले हाल सम्म बाहाल रहेका पुराना सदस्यहरुलाइ नै निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं. १२. योजना शाखामा काम गर्ने कर्मचारी अभाव भएको कारण तत्काल कर्मचारी पदपुर्ति हुने अवस्था समेत नभएकोले सो समस्यालाई ध्यानमा राखी परामर्श सेवा मार्फत एक जना अनुभवी सहायकस्तरका कर्मचारीले कामकाज गर्ने गरि कुनै संस्थामार्फत वार्ताका माध्यमबाट परामर्श सेवामा लिई सम्झौताका आधारमा २०८२ असार मसान्तसम्म सम्झौता गरि कामकाजमा लगाउने निर्णय गरियो ।

निर्णय नं १३.अघिल्लो गाउकार्यापलिकाको बैठकमा भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा यो बैठकमा ब्यापक छलफल भयो, अधिकांश निर्णय कार्यान्वयन भएको पाइयो | कार्यान्वयन नभएका निर्णयहरु कार्यान्वयन गर्न निर्देशन गरियो |

निर्णय नं १४. यस गाउपालिकाको घ बर्गको इजाजतपत्र प्रदानको लागि सिफारिस गर्ने समितिबाट देहायका व्यक्तिहरुको नाममा इजाजत दिन सिफारिस भइ आएकोले इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो |

| प्रोप्राइटरको नाम | ठेगाना | कम्पनीको/फर्मको नाम | सम्पर्क नम्बर |
|---|---|---|---|
| श्री ज्ञानेन्द्र अधिकारी | रासिसोनारी ०५ बाके | आर.ए. निर्माण सेवा | ९८५८०२४८९३ |
| श्री मनोज केसी | रासिसोनारी ०८ बाके | ए.के.एस. निर्माण सेवा | ९८५८०६६६७७ |

निर्णय नं १५. यस गाउकार्यापालिकाको स्वामित्वमा रहेका सवारी साधनहरु विभिन्न समयमा मर्मत सम्भार भइ उल्लेखित रकम र गाडी नं १४८ रु.१७८०३१/,गाडी नं ३५३२ग्रेडर रु.५,५८०५०|, गाडी नं ३०० को रु.८६२३५|, गाडी नं ४१५२ रु. ८०१५६|, गाडी नं ३२७ को रु ९६२६४ |मर्मत गर्दा लागेको खर्च समर्थन गर्ने निर्णय गरियो |

राप्ती सोनारी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय अगैया,बाँके लुम्बिनी प्रदेश,नेपाल

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. १६. विपद शाखा बाट प्राप्त विवरण अनुसार देहायका व्यक्तिहरुलाई राहत, क्षेतिपूर्ति दिने निर्णय गरियो ।

| क्र.स. | नाम थर | ठेगाना | राहत रु. | कै |
|---|---|---|---|---|
| १ | संजना थारु | रा सो ३ | १० हजार | |
| २ | प्रेम लाल गढ्ढी | रा.सो., ७ | ५ हजार | |
| ३ | बाबुराम थारु | रा.सो., २ | १० हजार | |
| ४ | विर बहादुर थारु | रा.सो., ४ | ५ हजार | |
| ५ | सिता थारु | रा.सो., ३ | १० हजार | |
| ६ | सुमन थारु | रा.सो., ३ | १० हजार | |
| ७ | सन्चु थारु | रा.सो., ९ | १५ हजार | |
| ८ | रामचन्द्र कुम्हार | रा.सो., ७ | १० हजार | |
| ९ | तुल्सी राम कुम्हार | रा.सो., ७ | १० हजार | |
| १० | वंशीराम कुम्हार | रा.सो., ७ | १० हजार | |
| ११ | लक्ष्मी बोहरा | रा.सो., २ | १० हजार | |
| १२ | सन्तराम चौधरी | रा.सो., ४ | १० हजार | |
| १३ | जगतराम थारु | रा.सो., ४ | १० हजार | |
| १४ | विनोद कुमार थारु | रा.सो., ३ | १० हजार | |

अन्य थप सहयोग र कार्यक्रम

| क्र.स. | विषय | रकम सहयोग विवरण |
|---|---|---|
| १ | राष्ट्रिय दलित पत्रकार संघ नेपाल अधिवेशन | सहयोग रु१० हजार |
| २ | वडा नं. ४ शिव मन्दिर तथा दुर्गामाता मन्दिरमा प्रतिक्षालय निर्माण योजना माग सम्बन्धमा | शिव मन्दिर तथा दुर्गामाता मन्दिर उ.स. प्रति १ लाख ५० हजार का दरले (३ लाख) निर्माण/मर्मत गर्न योजना किताबको सि.न. १५५ को शीर्षकबाट दिने |
| ३ | सशस्त्र प्रहरी कुसुम को मर्मत सम्भार र इन्धन | मर्मत सम्भार बापत रु.३० हजार बिला भरपाई र इन्धन ३० लिटर दिने |
| ४ | सूचना, विज्ञापपन माग अखिल नेपाल महिला संघ, काठमाडौं | बिल पेश भएमा ५हजार दिने |
| ५ | बागेश्वरी मन्दिर व्यवस्थापन समिति सहयोग | ३० हजार सहयोग गर्ने र बिलभरपाई पेश गर्ने |
| ६ | रासी सोनारी -७ बस्ने लिल बहादुर थारु (अपांग) मोबाइल खरिदको भुक्तानी दिने | अधिकतम रु रु.२५००० अपांग बजेट वा अन्य स्रोतबाट व्यवस्थापन गर्ने |
| ७ | वातावरण संरक्षण सम्बन्धी सांगीतिक | निवेदक दिल बहादुर गन्धर्व रु ३०००। |

राप्ती सोनारी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय अगैया, बाँके लुम्बिनी प्रदेश, नेपाल

दान बहादुर ऐडी
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | कार्यक्रम संचालन सहयोग सम्बन्धमा | |
| ८ | वडा नं.७ बस्ने चन्द्र मुम्हारको घरमा आगलागि(विपद)आर्थिक सहयोग सम्बन्धमा | चन्द्र मुम्हार-७, बाँके, १० हजार |
| ९ | प्रहरी चौकी अगैया भवन मर्मत तथा रङ्गरोगन | सहयोग १५ हजार दिने बिल भर्पाइ पेश गर्ने |
| १० | वडा नं ४ को सिद्ध कुमाखी मन्दिर मा कुमाख मेलाको लागि बिल भरपाई पेश भएमा रकम सहयोग गर्ने | ५० हजार संस्कृति संरक्षण सम्बर्द्धन शीर्षकबाट सि.नं ६९ बाट दिने |

१७ .वैसा पिकनिक पार्क वडा नं ३ मा तारबार गर्नको लागि ए,के. कन्ट्रक्सन प्रालिको गत आंवको कामको सम्पन्न हुन वाकि काम सम्पन्न भएकोले मिति २०८१ पौष मसान्त सम्म म्याद थप गरि गत आर्थिक वर्षको भुक्तानी दिन बाकि पुजीगत खर्च शीर्षकबाट भुक्तानी दिने ।

निर्णय नं १८. जनताको लागि तटबन्धन लमही दाङबाट एशियाली विकास बैकको आर्थिक सहयोगमा संचालित यस गाउपालिकाको वडा नं २ र ५ मा निर्माण भैरहेको तटबन्धन निर्माणको लागि उक्त कार्यालयको जिल्ला प्रशासन कार्यालय बाँकेलाई प्रेषित च.नं.१६२ मिति २०८०/०८/०४ को पत्रका आधारमा जिल्ला विपद ब्यबस्थापन समितिको मिति २०८१ पौष ८ को निर्णय अनुसार सो जनताको लागि तटबन्धन कार्यालयको ठेक्का नं PRBFRMP/works /west Rapti /CW-०३ लाइ आवश्यक पर्ने ढुंगा तथा बोल्डर यस गाउपालिका भित्रको मुगुवाखोलाबाट आपूर्ति गर्नको लागि देहाय बमोजेम निर्णय गरियो ।

क . गाउपालिकालाई रोयल्टी प्राप्त हुने सुनिश्चितता गरि ढुंगा गिट्टी , बालुवा उत्खनन बिक्रि तथा ब्यबस्थापन सम्बन्धि मापदण्ड , २०७७ (संशोधन सहित ) अनुसार हुने गरि जिल्ला विपद ब्यबस्थापन समिति बाँकेको २०८० मंसिर २७ को बैठकको निर्णयानुसार सहमति प्रदान गरिसकेको हुदा सो को कार्यान्वयनको लागि पुनः अनुरोध गर्ने निर्णय प्राप्त भएको बिषयमा यो बैठकमा ब्यापक छलफल भयो । सो सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो :

१ .जिल्ला समन्वय समिति, जिल्ला विपद ब्यबस्थापन समिति र जिल्ला बन डिभिजन कार्यालय बाँके संग ढुंगा ,बुल्डोर निकासीको लागि छलफल गर्ने , छलफल तथा निर्णय पश्चात मात्र जनताको तवन्धन कार्यालय लमही दाङ संग लागत अनुमान अनुसार प्रयोग गर्न दिने वा नदिने बिषयमा निर्णय गर्ने ।

राप्ती सोनारी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय अगैया,बाँके लुम्बिनी प्रदेश,नेपाल

दान बहादुर ऐडी प्रमुख प्रशासकीय अधिकृत

१९. आगामी आव २०८२/०८३ को लागि नेपाल सरकारको तराई मधेश सम्वृद्धि कार्यक्रमबाट संचालन हुने कार्यक्रमको लागि यस गाउपालिकाबाट देहाय बमोजिमका कार्यक्रम माग गरि पठाउने निर्णय गरियो ।

१ . नेपाल रास्ट्रीय आधारभूत विधालय महेन्द्रपुर वडा न २

२. नेपाल रास्ट्रिय आधारभूत बिधालय खल्लाझगडिया वडा नं ७

२०. बाँके रास्ट्रीय निकुन्जको कार्यालयको आयोजनामा साइकिलिंग कार्यक्रम संचालन गर्नेको लागि निकुन्ज र गाउपालिकाको साझेदारीमा लागत साझेदारीमा संचालन गर्ने र सोको लागि पालिकाले ६० हजार साझेदारी शीर्षकबाट खर्च व्यहोर्ने निर्णय गरियो ।

२१. सुचना प्रबिधि अधिकृतको पारिश्रमिकमा ७५ प्रतिशत PLGSP कार्यक्रमबाट ब्योहोरिदै आएको र बाकि २५ प्रतिशत रकम गाउपालिकाको स्रोतबाट २०८१ साउन महिना देखिको पारिश्रमिक रकम व्यहोर्ने निर्णय गरियो

२२, गाउपालिका वा अन्तरगत निकायमा कार्यरत करार सेवामा काम गर्ने कर्मचारीहरुको २०८१ पौष मसान्तमा म्याद सकिएकोले २०८१ माघ महिना देखि ६ महिना सम्म म्याद थपको लागि गाउ सभामा पेश गर्ने निर्णय गरियो ।

राप्ती सोनारी गाउपालिका
गाउँकार्यपालिकाको कार्यालय
अगैया,बाँके
लुम्बिनी प्रदेश,नेपाल

दान बहादुर ऐडी
प्रमुख प्रशासकीय अधिकृत